प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री न. १०९२
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

## प्रेस विज्ञप्ति

मिति : २०७७/१/३१

स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माले भौतिक पूर्वाधार विकास मन्त्री माननीय रामशरण बस्नेतज्यूसंग भेट गरि लेखनाथ लायन्स सामुदायिक अस्पताललाई प्रदेश मातहत ल्याउनको निम्ति तयार गरिएको प्रतिवेदन हस्तान्तरण गर्नुका साथै आवश्यक सुझाव तथा निर्देशनको लागि अनुरोध गर्नुभयो ।

आज स्वास्थ्य निर्देशनालयमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, गण्डकी मेडिकल कलेज र मणिपाल शिक्षण अस्पतालका निर्देशक/मे.सु, एनेस्थियोलोजिस्ट तथा सघन उपचार कक्षमा कार्यरत चिकित्सकको टोलीसंग स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्मा, सामाजिक विकास मन्त्रालयका निती, कानून, मापदण्ड, योजना तथा जनस्वास्थ्य महाशाखाका प्रमुख शम्भु ज्ञवाली, विश्व स्वास्थ्य संगठनका डा. राजीव लालचन लगायत सम्मिलित छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । बैठकमा गण्डकी प्रदेशका विभिन्न जिल्लाहरुमा सघन उपचार कक्ष स्थापना गर्न प्रदेश सरकारले रकम विनियोजन गरिसकेको सन्दर्भमा उक्त जिल्लाहरुमा कोभिड – १९ संक्रमित गम्भीर बिरामीको हेरचाह, उपचार, उद्दार गर्नको निम्ति चिकित्सक र नर्सलाई तालिम प्रदान गर्ने विषयमा छलफल भएको थियो भने आवश्यक कार्यविभाजन समेत भएको छ ।

मिति २०७७/०१/३० गते पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको प्रयोगशालामा कोभिड–१९ परिक्षण तथा अस्पतालको नियमित सेवा अन्तरगत साधारण ल्याब संचालन तथा व्यवस्थापन सम्बन्धमा पश्चिमाञ्चल क्षेत्रीय अस्पतालका निर्देशक डा.अर्जुन आचार्यको संयोजकत्व तथा स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्मा, डा. डुक बहादुर क्षेत्री, डा. मोनी सुवेदी लगायत अन्य सरोकारवालाहरुको सहभागीतामा छलफल तथा बैठक सम्पन्न भएको छ ।

अहिलेसम्म गण्डकी प्रदेशमा ७५७ जनाको नमुना संकलन भएको छ जसमा ७२७ जनाको परीक्षण परिणाम नेगेटिभ रहेको छ भने २ जना संक्रमित मध्ये दुवै जना निको भएर घर फर्किसक्नुभएको छ र २८ जनाको परिक्षण परिणाम आउन बाँकी रहेको छ । त्यसैगरी आजसम्म गण्डकी प्रदेशमा ६७१६ जनामा RDT परिक्षण गरिएको छ ।

**डा विनोद विन्दु शर्मा**
**निर्देशक**